# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-२९ | २०७६ फागुन १४ गते बुधबार | 26 February 2020 Wednesday | मूल्य रू. १०/-


## गाडि पुगेपछि स्थानीय हर्सित

**मिसन न्यूज**

**कालिकोट**

कालिकोट-कर्णाली करिडोरको बाटो हुम्लाको दक्षिणी गाउँपालिका ताँजाकोट र अदानचुली जोडिएको छ । सात गाउँपालिकामध्ये दक्षिणी बाजुरा सिमानाको स्थानीय तहलाई जोड्ने सडकको ट्र्याक खुलेर सवारीसाधन सञ्चालनमा आएपछि स्थानीय खुसी भएका छन् । गाउँबाटै गाडी चढेर सिमिकोट र सुर्खेत झर्ने स्थानीय ताँजाकोट गाउँपालिकाका ६२ वर्षिय नन्दप्रसाद जैसीको रहर पूरा भएको छ ।

'पैसा तिर्न परे पनि गाउँमै गाडी चढ्ने मेरो धेरै रहर छ ।' पहिलोपटक राजपुरमा पुगेर गाडी देखेको बताउने जैसीले भने, 'हामी जस्ता बूढापाकाको आफ्नै गाउँमा गाडी पुगेको हेर्ने र गाडी चडेर सदरमुकाम सिमिकोटसम्म पुग्ने रहर यो सरकारले पूरा गरिदेला कि भन्ने लागेको छ ।' कर्णाली करिडोरअन्तर्गत हुम्ला जिल्लालाई सडक सञ्जालसँग जोडिए पनि हालसम्म सदरमुकाम सिमिकोट जोडिएको छैन । नेपाल सरकारले सबै पालिकाको सदरमुकाम म सम्म कालोपत्रे सडकको योजना बनाए पनि अझैंसम्म हुम्ला सदरमुकाममा सडक पुगेको छैन । कतिपयले सुर्खेत वा अन्यत्र जाँदा गाडी देखे पनि यहाँका ज्येष्ठ नागरिकले अहिलेसम्म सवारी




हुम्लाको दक्षिणी गाउँपालिका ताँजाकोट र अदानचुलीमा गाडि गुड्दै । तस्विर : मिसन न्यूज

साधन नैं देखेका छैनन् । उनीहरूमा कर्णाली करिडोर निर्माण अघि बढेसँगै आफ्नै गाउँमा सवारी साधन गुडेको देख्ने रहर जागेको छ । अदानचुली गाउँपालिका-१ हुम्लाकै ४९ वर्षीय रुपचन्द्र थापाले पनि अरू सबै जिल्ला सडक सञ्जालमा जोडिँदा समेत अहिलेसम्म हुम्ला सदरमुकाम नजोडिएको भन्दै गुनासो गरे । सरकारले अहिलेसम्म यस जिल्ला र यहाँका जनतालाई उपेक्षा गरिरहेको उनको भनाइ छ । सडक बनेर गाडी नगुडे पनि थापाले छिमेकी जिल्ला मुगु र बाजुरामा गाडी गुडेको देखेको बताए । उनले भने, 'अहिलेसम्म हामी उताका गाडीका बारेमा सुनेरै बसिरहेका छौं, हाम्रो ठाउँमा देख्न पाएनौं ।' कर्णाली करिडोरअन्तर्गतको धुलाचौर लेबणीदेखि सल्लिसल्लासम्मको सडक खण्डको निर्माण गर्ने जिम्मा पाएको नेपाली सेनाले हुम्ला र बाजुराको सीमाना कवाडीसम्मको ६ किलोमिटर सडक निर्माण सम्पन्न गरेको छ । कालीकोटदेखि हुम्लाको सल्लीसल्लासम्म १ सय ९६ किलोमिटर सडक निर्माण गर्ने कार्य नेपाली सेनाले धमाधम अघि बढाएको छ । कवाडीदेखि सल्लीसल्लासम्म ३९ किलोमिटर सडकमध्ये २२ किलो मिटरमा छ मिटरको चौडा ट्र्याक खोलिसकेको छ । त्यस्तै १७ किमी सडकमा विस्फोटन भइरहेको छ भने करिडोरको

**बाँकी ८ पेजमा.....**

## पञ्चेबाजा ओझेलमा

**दैलेख** - पञ्चेबाजाको एक पटक यस्तो समय थियो गाउँघर र शहरबजारमा । छोराछोरीको विवाह सिजनभरी दैनिक जसो पञ्चेबाजाको आवाज घन्किथ्यो । पञ्चेबाजा बज्ने बित्तिकै वल्लोपल्लो गाउँका मानिसको ओइरो लाग्थ्यो । बाजा बजाउनेको व्यवस्था पनि उस्तै हुन्थ्यो । पञ्चे बाजासँगै महिला रतेउली, हुड्के, पुरुष देउडा खेल, श्रमनाच र युवायुवती मादलको तालमा रमाइरहेका हुन्थे । सबैतिर उल्लास र उमंग हुने भएकाले दिनभरि काम गरेर आएका मानिसलाई थकान भान हुँदैन थियो । धित मरुन्जेल हेर्थे, रमाउँथे । तर केही वर्षयता भने विहेवारीमा पञ्चेबाजा बज्न छाडेको छ । शिक्षादिक्षा र रोजगारीमा शहर छिरेका युवायुवतीले उतै प्रेमका माध्यमबाट मन्दिरमा



कर्म गर्नाले गाउँघरमा पञ्चेबाजाको ध्वनी सुनिन छाडेको हो । बिहेको शैलीमा परिवर्तन आउँदा आजभोलि गाउँघरमा बाजाको उमंगमय ध्वनी सुनिदैन् । पछिल्लो समयमा सञ्चार क्षेत्रमा आएको परिवर्तनले मागी बिहे गर्ने विरलै पाइन्छन् । छोरा हुन वा छोरी बिहेवारीमा स्वतन्त्र छन् । बिहेको छिनोफानो आफैंले गर्ने भएकाले अभिभावकले पहिले जसरी दुलाहा र दुलही खोज्नु पर्दैन । मन्दिरमा बिहे गर्ने प्रचलनका कारण गाउँ-गाउँमा बिहेको उमंग ह्वातै घटेको छ । यो सिजन विहेको मौसम भएपनि गाउँमा कतै बिहे र बाजाको रौनक छैन । अधिकांशले मन्दिरमा गएर कर्म चलाउने कारण गाउँमा विहेको रौनकता घटदै गएको आठविस नगरपालिकाका भद्रबहादुर थापाले बताए । 'मन्दिरमा बिहे गर्नाले पञ्चेबाजामा कमी आएको हो । तर आफ्नो चाही विहेवारी पञ्चेबाजा बजाएर भएको थापाले खुलासा गरे गाउँघरमा विहेवारी भड्किलोले धेरै विहे मन्दिरमा हुने गरेको हो', उनले थपे । उनी मात्र होइनन्, ज्योतिषको काम गर्दै आएका ठाटिकाँध गाउँपालिका -२ का नारायण जैसीको बुझाई त्यस्तै छ । 'मागी बिहे घट्नु र प्रेम विहे बढनुले पञ्चेबाजामा कमी आएको हो । स्कुल पढ्दा पढ्दै आजभोलीका केटाकेटी माया बस्छ, गाउँमा बसेपछि गाली खाइने डरले शहरतिर छिरेर मन्दिरमा विहे गर्छन्', उनले भने । मागी

**बाँकी ८ पेजमा.....**

## १५ सैया अस्पताल भवनको शिलान्यास

**मिसन न्यूज**

**कालिकोट**

जिल्लाको पलाँता गाउँपालिकामा १५ शैयाको अस्पताल सिलान्यास गरिएको छ । सरकारले हरेक स्थानिय तहमा १५ शैयाको अस्पताल बनाउने नीति लिए अनुसार पलाँता गाउँपालिकाले जिल्लामै पहिलो पटक १५ शैया अस्पतालका लागि ५ रोपनी जग्गा पास गरी भवनको सिलान्यास गरेको हो । पलाँता गाउँपालिका वडा नं. ९ थिर्पुमा बुधबार एक कार्यक्रमका बीच १५ शैया अस्पतालको सिलान्यास गरिएको हो ।

पलाँता गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले गाउँमा सिंहदरबार आएको महसुस गराउन गाउँपालिकामा १५ शैया अस्पताल निर्माणको सुरुवात गरिएको बताए । उनले आफुहरुले स्थानिय निर्बाचन सम्पन्न भएलगत्तै प्रक्रिया सुरु गरेको उक्त अस्पताल जग्गाको समेत व्यवस्था गरी निर्माणको थालनी गरेको बताए । उनले भने, पलाँता गाउँपालिकले जिल्लाका अन्य स्थानिय तह भन्दा अगाडी कामको गति बढाएको छ । अबको १५ दिनभित्र टष्टवाला ८ कोठे भवन निर्माण गरिसक्ने लक्ष्य छ । भवनका लागि आवश्यक सामाग्रीहरु गाउँपालिकामा पुर्‍याईएको



पलाँताको थिर्पुमा १५ सैया अस्पतालको शिलान्यास गर्दै गाउँपालिका अध्यक्ष लक्ष्मण बम । तस्विर : मिसन न्यूज

छ । गाउँपालिकाले ८ कोठे भवनका लागि ८० लाख बजेट छुटाएको छ भने कर्णाली प्रदेश सरकारबाट ४० लाख बजेट प्राप्त भएको छ । त्यो बजेटबाट थप ४ कोठे भवन निर्माण गरिने छ । गाउँपालिका अध्यक्ष बमले फागुन महिना भित्रै अस्पतालको भवन निर्माण गरेर कर्मचारी छनोट गरी अन्य व्यवस्थापन गरी आगामी नयाँ बर्ष बैशाख १ गते सेवा सुरुवात गर्ने बताए । उनले भने, १५ शैया अस्पतालकै लागि गाउँपालिकाले एक जना एमबिबिएस डाक्टर सहित ३२ जना कर्मचारीको लागि बिज्ञापन समेत गरेको छ । १५ शैया अस्पतालमा ३ जना बिशषेज्ञ डाक्टरहरुको दरबन्दी हुन्छ ।गाउँपालिकाले तीन जना डाक्टरहरु आर्थिक हिसावले व्यवस्थापन गर्न नसक्ने भएकाले एक जना कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठानबाट र एक जना जिल्लाबाट काजमा ल्याउने तयारी छ । पलाँता गाँउपालिका उपाध्यक्ष दाना न्यौपानेले आगामी बैशाख १ गतेबाट पलाँताका हरेक नागरिकहरुले सामान्य उपचारका लागि जिल्ला धाउनुपर्ने समस्याको अन्त्य हुने बताईन् । पलाँता गाउँपालिका वडा

**बाँकी ८ पेजमा.....**

# सम्पादकीय...

## स्वास्थ्य संकट नआवस

कोरोना भाइरसको संक्रमण फैलिन थालेको त्रासले स्वास्थ्य संकटकालको अवस्था सिर्जना गरेको छ । विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) को आपतकालीन बैठकले स्वास्थ्य संकटकाल घोषणा गर्ने निर्णय गरेको हो । यो घोषणाको अर्थ हो कोरोना भाइरस संक्रमण कुनै पनि बेला अनियन्त्रित हुन सक्छ, सबै मुलुकले र ोकथामको उपाय गरून् र रोग परीक्षण र उपचारको यथोचित प्रबन्ध गरून् । यसका लागि डब्ल्युएचओको आह्वान हो संकटकाल घोषणा । चीनमा हालसम्म २१३ जनाको मृत्यु भएको छ भने झण्डै १० हजार मानिस संक्रमित छन् । चीनबाहेक अन्य २० देशमा कोरोना भाइरसको संक्रमण देखापरेको छ जसमा नेपाल पनि एक हो । अन्य मुलुमा करिब सय जना संक्रमित छन् तर हालसम्म मृत्यु भएको छैन । ठूलो संख्यामा संक्रमण पनि भएको छैन तर चीनमा जुन गतिमा संक्रमण फैलिएको छ र अन्य २० वटा मुलुकमा पुगेको छ, त्रास त्यसले सिर्जना गरेको हो । संक्रमण देखापरेका सबै मुलुकमा उच्चस्तरको स्वास्थ्यसेवा प्रणाली छैन । डब्ल्युएचओको चिन्ता यसमै छ । 'कमजोर स्वास्थ्य प्रणाली भएका र नयाँ रोगसँग जुध्ने तयारी नभएका मुलुकहरूमा संक्रमण फैलन सक्ने सम्भावना' प्रति डब्ल्युएचओले चिन्ता प्रकट गरेको छ । नेपाल पनि सबल स्वास्थ्य प्रणाली भएको मुलुक होइन । कोरोना भाइरस परीक्षणका लागि पर्याप्त स्रोत छैन । स्वास्थ्य चेतना पनि कमजोर छ । रुघाखोकीलाई रोग नमानेर एक-दुई दिनमा ठीक हुने सामान्य समस्या मान्ने चलन छ । कोरोना भाइरस संक्रमणमा सुरुमा यस्तै सामान्य लक्षण देखापर्छ । नेपालजस्तो मुलुकमा संक्रमण पहिचान भइसक्दा रोगीको अवस्था निकै खराब भइसकेको र उसले धेरै जनालाई सारिसकेको हुनसक्छ । चीनमा जस्तो अवस्था भए नेपालमा निकै ठूलो संकट पर्न सक्छ । डब्ल्युएचओको चिन्ता यस्तैमा देखिन्छ । नेपाल सरकारले कोरोना भाइर स संक्रमण रोकथाम र उपचारका लागि राम्रो तयारी गरेको दाबी गरे पनि विश्वास गर्ने बलियो आधार छैन । चीनमा सबैभन्दा बढी प्रभावित प्रदेश वुहानमा रहेका नेपाली विद्यार्थीहरूलाई स्वदेश फर्काउने तयारी नै हुन सकेको छैन । उनीहरूलाई आइसोलेसनमा (अलग्गै) राख्ने र परीक्षण गर्ने तयारी हुन सकेको छैन । धेरैजसो मुलुक नेपालजस्तै र अझ कमजोर पनि छन् । त्यस्ता मुलुकहरूमा संक्रमण फैलियो भने स्थिति भयावह हुनसक्छ । चीनले जस्तो साता दिनमा हजार शैयाको अस्पताल बनाउने दक्षता नेपालसँग छैन । यसको लागि नेपाल सरकार को ध्यान जाहोस् ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## पलाँता ७ को सार्वजनिक सुनुवाई सम्पन्न

**मिसन न्यूज**
**कालिकोट**

कालिकोट जिल्ला पलाँता गाउँपालिका वडानं ७ को वडापालिकाले सार्वजनिक सूनूवाई सम्पन्न गरेको छ। सो कार्यक्रममा वडानं ७ भित्र रहेका सामाजिक संघ संस्था, राजनैतिक दलका प्रतिनिधि, टोल संगठन, पत्रकार, कर्मचारी, वूद्धिजीवी,



व्यापारी लगायत वडानं ७ निवासीहरुको उल्लेखित उपस्थिति रहेको थियो । कार्यक्रममा वडाको समसायिक गतिविधि, विकास निमार्ण, सडकबत्ति, फोहोर व्यवस्थापन लगायतका अन्य विषय वस्तूहरुमा समेत जिज्ञासा र सो को वारेमा चर्चा गरिएको थियो । कार्यक्रम वडानं ७ का वडाअध्यक्ष बर्ज बहादुर बमको सभापतित्वमा सम्पन्न भयो ।

सहजिकरण रेडीयो पलाँता आवाज १०३.६ मेगाहर्जले गरेको थियो । चालु आर्थिक बर्ष २०७६/०७७ को योजना तथा कार्यक्रमको प्रगति जनचासोलाई दृष्टिगत गरी पलाँता गाउँपालिका वडा नम्बर ७ स्थित दुर्सीमा सार्वजनिक सुनुवाई सम्पन्न भएको हो । वडापालिकाले चालु आर्थिक बर्षको प्रगतिको अवस्था र आगामी आर्थिक बर्ष हुने योजना र कार्यक्रमलाई सहयोग पुग्नेगरी सार्वजनिक सुनुवाई आयोजना गरेको हो । वडापालिकाबाट प्रवाह भएका सेवाहरु के भइरहेको छ रु जनताको मत के छ । आगामी दिनमा सुधार गर्न सकिने बिषयबस्तु र चालु आर्थिक बर्षमा गाउँपालिकाको योजना तथा कार्यक्रमको अवस्था बुझ्न सार्वजनिक सुनुवाई गरीएको वडा सहायक कलम बमले बताउनु भयो । वडा पालिकाका सामाजिक विकास वडाअध्यक्ष बमले विकास गर्दा बिनास हुने अवस्था ल्याउन नहुनेमा जोड दिए । दैनिकर मा बि का शिक्षक कर बहादुर बमले राज्यका निकाय पारदर्शी, जवाफदेही र जनताप्रति बफादार हुनुपर्ने बताए । सार्वजनिक सुनुवाईले जनतालाई विकासप्रति चासो जगाउने र उपभोक्ता समिति तथा ठेकेदारलाई कामप्रति जिम्मेबारबोध गराउनेमा जोड दिए । पलाँता गाउँपालिका वडा नम्बर ७ का नर्जन शाहीले घरबार नै छाडेर हिड्नुपर्ने अवस्थाले विकासको अनुभुति नै नभएको गुनासो गर्दै । कार्यक्रममा विभिन्न योजनाका उपभोक्ता समितिका पदाधिकारीले आ-आफ्नो योजनाको बारेमा जानकारी गराएका थिए । सार्वजनिक सुनुवाई कार्यक्रममा बार्षिक बजेट, वित्तिय प्रगती, आन्तरिक आय, योजनाको प्रगति, न्यायिक सुनुवाई, सामाजिक सुरक्षा भत्ता, शिक्षक पदस्थापन, वडामा स्वास्थ्य क्षेत्रका ससर्त कार्यक्रम, कृषि विकास, पशुपंक्षि विकास, वडापालिकाले गरेका महत्वपूर्ण सम्झौता तथा निर्णयहरु, पुननिर्माणका विषयमा छलफल भएको थियो ।

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# बिगार्ने मुहान, टाल्ने चुहान



संकेत कोइराला

नेपाल कम्युनिष्ट पार्टी र नेपाली कांग्रेसका शीर्ष नेताहरुबीच मुलुकमा भ्रष्टाचार अन्त्य गर्ने विषयमा बैठक बसिरहेको थियो । प्रधानमन्त्री केपी शर्मा ओली गोकुल बाँस्कोटा, प्रचण्ड कृष्णबहादुर महरा र शेरबहादुर देउवा विजय गच्छदारको पक्षमा जबर्जस्त उभिएपछि बैठक भाँडियो । बैठकले 'आफू ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो'को रुप धारण गरेपछि चलाख प्रधानमन्त्री ओलीले बैठकलाई जाँड पार्टीमा रुपान्तरण गरिदिए । अनि त बैठकको दृश्य एकाएक रसरङमा परिवर्तन भयो । शेरबहादुर देउवा : के भने देखिनलाई मेरो नेता बीपी यस्तो बहादुर हुनुहुन्थ्यो कि महाकाली नदीमा डुबेर कर्णाली नदीबाट फुत्त निस्कनुहुन्थो । पुष्पकमल दाहाल : तपाईंका नेता के बहादुर मेरा नेता माओको त कुरै बेग्लै । पानी ट्यांकीमा पसेका माओ धाराको टुटीबाट निस्कनुहुन्थ्यो । केपी ओली : तपाईंहरुका कुरामा पटक्कै दम भएजस्तो लागेन । लौ सुन्नुस् मेरा नेता मदन भण्डारीका बालाई एक पटक यस्तो भुंग्रे ज्वरो आयो मदनकी आमा बाको गालामा हरियो मकै पोलेर परिवारलाई ख्वाउनुहुन्थ्यो ।

बिग्रिएको घडीले पनि दिनको दुईपल्ट एकुरेट समय बताउँछ । तर बद्लिएको व्यवस्थाका नबद्लिएका नेताहरुले जिन्दगीभर आफ्नो नामबाहेक अरु केही साँचो बताउने भएनन् । यी प्राइभेट लिमिटेड पार्टीका महाप्रबन्धकहरुले सहमतिको आवरणमा यस्तै तोरीलाउरे गफमा वर्षौंदेखि समय मिल्काइरहँदा देश अस्थिपञ्जर बन्दै गइरहेको छ । पहिला पहिला सरकारी बैंकहरुमा नोगजा (नोट गर्न जान्ने) एउटा पद थियो । नेपालका हरेक निकायका मुखियाले अघोषित रुपमा नोट गन्न जान्ने कारोवारी राखेका हुन्छन् । यो वा त्यो व्यवस्था र व्यक्तिको विषय नभएर यो खुल्ला सत्य हो । पुलिसको चौकी इन्चार्ज-आईजीपी, डिट्ठा-प्रधानन्यायाधीश, वडा सदस्य-प्रधानमन्त्रीसम्म यो मामलामा कोही निरपेक्ष छैनन् । काम गर्न सजिलो या नैतिक मर्यादाका कारण नभई आफू अनुकूलको किलो गाड्न यस्ता कसरत हुने गरेका छन् । गोकुल बाँस्कोटा ओलीका नोट गन्न जान्ने प्रतिनिधि हुन् । प्रचण्डका कृष्णबहादुर महरा र शेरबहादुर देउवाका विमलेन्द्र निधि यही कोटीका पात्र हुन् । यिनीहरु महादेवको घाँटीमा बेरिएको सर्पजस्ता हुनुको कारण स्वामीभक्ति नै हो । जब एउटा वडा सदस्य पदमा बाजी मार्न लाखौंको सौदा गर्नुपर्छ भने देशभरिका कार्यकर्ताको मुखिया हुने काम नेताहरुका लागि सजिलो छैन् । राष्ट्रिय पार्टीको हेडसर हुनु भनेको सानोतिनो राष्ट्र बैंकको शाखाले चलाउने बराबरको आर्थिक औकात राख्नैपर्छ । नेपालमा एउटै मान्छे उम्रेदेखि खुम्रेसम्म किन पार्टीको शासक बन्छ भन्ने प्रश्नको उत्तर यही मनोविज्ञानसंग गाँसिएको छ । विहान नेतासंग भत्ता बुझेर दिउँसो सदाचारको नारा दिने कार्यकर्ताबाट पालित पोषित लोकतन्त्र नै त हाम्रो असली परिचय हो । ओली, दाहाल र देउवा यस्ता पात्र हुन, जो आफ्नो ताज बचाउन अरबमा सौदा खेल्न सक्छन् । अरबौं हान्न सक्छन् । करोडौं बाँड्न सक्छन् । ती पार्टीका अरु नेतामा यो कौशलता शून्य छ । त्यसैले रोग, भोक र शोकले जति गाँजेपनि उनीहरुको साम्राज्य एकछत्र छ । माधव नेपालको इतिहास बैंक जागिरेबाट शुरु भएपनि उनी कुशल म्यानेजर कम, खजाञ्ची ज्यादा देखिए । रामचन्द्र पौडेलको क्यालकुलेटरले हजारभन्दा माथिको हिसाब गर्नै जान्दैन । नेपाललाई असफल राष्ट्र बनाउने डिजाइनमा मतियारको भूमिकालाई हरेक पार्टी नेताले घोषित अघोषित शैलीमा सघाएका छन् । यो महाअभियानलाई कसैले बोलेर सघाएका छन् भने कसैले मौन बसेर । जसरी फलाम आफूभित्रै निस्कने खियाबाट सखाप हुन्छ, त्यसरी नै देशलाई अधोगतितर्फ लान यहींका गतिविधि जिम्मेवार छन् । अरुलाई दोष दिनु भनेको आफ्नो कमजोरी छोप्ने धृष्टता शिवाय केही होइन । इतिहास साक्षी छ- राजा त्रिभुवनका सेक्रेटरी गोविन्दनारायण भन्ने भारतीय नागरिक थिए । त्यसबेला तराईका पाठशालामा हिन्दी भाषामा पढाई हुन्थ्यो । देशभर भारतीय मुद्राको विनिमय सहज थियो । प्रत्येक मन्त्रालयमा भारतीय नागरिक सल्लाहकार थिए । प्रधानन्यायालयको स्थापना भारतीय नागरिक हरिप्रसाद प्रधानलाई प्रधानन्यायाधीश बनाएर गरिएको थियो । उत्तरी चेकपोष्ट भारतीय सुरक्षाकर्मी राखिएका थिए । प्रत्येक मन्त्रालयमा भारतीय सल्लाहकार थिए । अरु त अरु मन्त्रिपरिषद्को बैठकमा समेत भारतीय दूतको उपस्थिति रहन्थ्यो । अहिले यी निकायमा नेपालीको प्रतिनिधित्व छ । सार्वभौम नेपाली जनताले जिताएर पठाएकाले सरकार चलाएका छन् । देश विदेश पढेका उम्दा प्रतिभाहरु राष्ट्रसेवक छन् । भाषा, साहित्य, संस्कृति समृद्ध छ । चेतनाको स्तर कोहीभन्दा कम छैन । तर दलालीको प्रतिशतको पारो यसरी बढेको छ कि त्यो घोषित अवस्थालाई अहिलेको अघोषित अवस्थाले लाभाले जस्तै खग्रास बनाएको छ । तिनै भारतीय भनिने हरिप्रसाद प्रधानले सर्वोच्च अदालतको मानमर्दन गरेको अभियोगमा डिल्लीरमण रेग्मीजस्ता राजनीतिज्ञलाई ६ महिनाको जेल सजाय सुनाएका थिए ।

चार पासेले ढपक्कै ढाकेको प्रधान न्यायालयमा कानुनमा स्नातक नगरेकालाई अयोग्य करार गरी न्यायालयको प्राज्ञिक मर्यादा माथि उठाए । विवाहित छोरीलाई सन्तान नठान्ने कानुन खरानी बनाएर छोरीलाई अपुताली सम्पतिको हकवाला बनाए । काम गर्ने नागरिकताले नभएर नियतले हो । सात दशकअघि न्यायालयमा गरिएका यस्ता सुधार कसैका लागि अनुकरणीय भएन । बरु कानले हेरेर न्याय दिने सम्वेदनशील ठाउँका न्यायमूर्तिहरुको नियुक्तिको मापदण्ड पावर, पैसा र राजनीतिक प्रभावलाई बनाइयो । न्यायालयमा रोपिएको विषवृक्षमा फलेको फलले विरुवा हुर्काउने नर्सरीवालाहरु नै शिकार बन्ने निश्चित छ । त्यो बेला निलकण्ठ विष आफूले खाएर कल्याण गर्ने महादेव यो धरामा निस्कने छैनन् । राजनीतिभित्र पसेको राक्षसी सोचका कारण आज हरेक सर्वसाधारण दिनमा दर्जनौं पटक मरेर बाँच्न बाध्य छन् । कलेजका प्राध्यापक कुटिएका छन् । हाकिमलाई पियनले लघारेका छन् । प्राध्यापकहरु आफ्ना छोरा उमेरका तिते भुराको अपमान सहन बाध्य छन् । देउता खुसी पारेर पेट भर्ने पुजारी देउतैको मूर्तिको मोलमोलाईमा उम्लिएका छन् । चालकहरु पाखा लागेका छन, हरेक गाडीको स्टेयरिङ खलाँसीले समाएको छ । अस्पतालमा रोगी भर्नाका लागि समेत सोर्स लगाउनु पर्छ । जताततै न्याय मरेको छ । सत्यको पक्षमा बोल्नु भनेको अपराध गर्नु हो भन्ने बुझाइले आम मानिसमा घर गर्दै गएको छ । अबोलाको पीडा बोल्ने सञ्चार जगत समाचार कम, त्रास बाँड्न व्यस्त छ । त्यही भएर देशका ठूला मिडिया हाउसभन्दा युटुब चलाउनेहरुमाथि जनताको भरोसा बढ्दो छ । केपी ओलीले उर्दी लगाउँदा सय रुपियाँ नझिक्नेहरु भाग्य न्यौपाने, कृष्ण कँडेल, शिशिर भण्डारीजस्ता युटुबमार्फत सूचना सम्प्रेषण गर्नेहरुलाई लाखौंको पोको जिम्मा लगाउन थालेका छन् । हो, आत्मनिरीक्षणको खाँचो यहीं छ । पहिला सित्तैमा समोसा खान पत्रकार बन्नेहरु थिए भने अहिले त्यो गोरखधन्दामा अनुवाद भएको छ । कार्यकर्तालाई बेइमानीको बरदान दिएर आफू भगवान शिवको कोटीमा पुगेको भ्रममा मख्ख परेका नेता आखिर भस्मासुर ज्यादती भोग्न बाध्य भएका छन् । अरु त अरु राजनीतिक अराजकताको प्रभाव नेपाली भाषामा पनि परेको छ । प्राज्ञिक समुदायको विशिष्ट थलो मानिने प्रज्ञा प्रतिष्ठानले निकालेको बृहत शब्दकोषबाट धेरै शब्दावलीको चिरहरण भएको छ । कुखुराको फुल र गुलाफको फूल समान बनाइएको छ ।

एक वर्षअघि त्यही शिक्षकले पढाएको नियम घोकेका विद्यार्थी एक वर्षपछि सरले नियम बदल्दा रणभूल्ल परेका छन् । यसरी खेलाडी नालायक भएको दोष खेलको नियम फेरेर कमजोरी लुकाउने नौलो संस्कृति हावी बन्दै गएको छ । जब नेताहरु पुलिसको सुरक्षा र साइरनमा आफूलाई अभ्यस्त गराउँछन, त्यो दिनदेखि उनीहरुको पतन शुरु भयो भनेर जाने हुन्छ । देशमा नैतिकता र राष्ट्रियताको चुरो कमजोर बन्दै गएपछि मानमर्दनका खेल स्वाभाविक बन्दै जान्छन् । नेता श्रद्धेय, बन्दनीय बन्न राष्ट्रियताको जग मजबुत हुनुपर्छ । चारवटा गणले छेकिएका राजा वीरेन्द्र र रानी क्षतविक्षत भएर मारिए । तर उनीहरुको सुरक्षामा बसेकाहरुले प्रतिकारमा तिहारमा पड्काउने जत्रो पड्का पनि पड्काएनन् । आफ्नै आँखाले यस्तो कटु सत्य देखेका, भोगेका नेताहरुका लागि एउटै मात्र जीवन सूत्र हो- नैतिकता । नेताले लोकप्रिय बन्नुपर्छ, चर्चित होइन । जनताका नेतालाई घरबास चाहिँदैन । उनीहरुलाई आफ्नो मजेत्रो ओढाएर जनताले चिसो तातोबाट बचाउँछन् । उरुग्वेका राष्ट्रपति जोस मुजिका यति सरल छन, तीनवटा कुकुर र दुईजना पुलिसको सुरक्षामा बस्छन् । जीर्ण फर्म हाउसमा बास बस्ने उनी कुवाबाट आफै पानी भर्छन । कपडा आफै धुन्छन् । फूलको खेती आफै गर्छन् । असल हुने मान्छे हो, पद होइन । अमेरिकाजस्तो वैभवशाली राष्ट्रका तात्कालिन राष्ट्रपति जोन अफ केनेडी देशको पैसा जोगाउन चिठ्ठीको खाम थुक लगाएर बन्द गर्थे । अरु देशमा पनि राजनीति अस्थिर छ । मान्छे मारिएका छन् । श्रीलंकामा डेढ लाख मानिस मारिए । अफगानिस्तान, पाकिस्तान, इजरायल जताततै मान्छे मारिएका छन् । भीडन्त भएका छन् । तर त्यहाँको शिक्षा र प्रशासन संयन्त्र अलिकति पनि हल्लिएको छैन् । सानो देश भएर के भो, श्रीलंकाको शिक्षा एशियामै उत्कृष्ट छ । हाम्रो चाहिँ देशका सम्पूर्ण संयन्त्र खरानी पार्नैपर्ने, आखिर किन ? महाभारत युद्ध सकिएपछि हस्तिनापुर राज्यमा शान्ति र अमन चयनको अपेक्षा सवैमा थियो । युद्धमा मारिएकाहरुका लालाबाला, विधवाका पीडामा जित्नेहरुले मलम पट्टी लगाउलान भन्ने भरोसा थियो । तर परिस्थिति सोचेभन्दा ठ्याक्कै उल्टो भयो । युद्ध जितेकाहरु एकाएक वैराग्यको वशीभूत भए । युद्धपछि स्वर्णराज्य बनाउलान भनी आशा गरिएका युधिष्ठिरमा एकान्तवासको इच्छा प्रवल बन्दै गयो । महाभारत युद्धका शूत्रधार श्रीकृष्ण युद्ध मैदानमा जसरी सुरिए, राज्य सञ्चालनमा भने मौन बसे । महारानी गान्धारीले घटनाको जिम्मेवार ठहऱ्याउँदै श्रीकृष्णलाई वंश विनासको श्राप दिइन । आश्चर्य वीर श्रीकृष्णले श्रापप्रति मौन स्वीकृति जनाए । उनी यो जञ्जाल र दायित्वबाट मुक्त हुने बाटोको खोजीमा थिए ।

आफैंले मारेका कौरव पक्षीय योद्धा कर्ण सहोदर दाजु भएको रहस्य खुलेपछि युधिष्ठिर द्रवित भए । प्रचण्ड महाभारतका किंकर्तव्यविमूढ पाण्डव पात्रजस्तै बन्न पुगेका छन् । पार्टीका हुक्के, ढोके, चम्चे, छातेहरुको कुतर्के प्रतिवादलाई कान थुनेर उनको अन्तरआत्माको आवाजको मूल्यांकन गर्ने हो भने उनी महाभारत अन्त्यपछिको श्रीकृष्णजस्तै जोक्कर भएका छन् । जसरी युगपुरुष श्रीकृष्ण गान्धारीको श्रापलाई समेत शिरोधार्य गर्ने अवस्थामा पुगे, त्यसरी नै प्रचण्डमाथि पनि बाग्लुङका व्यापारीको सेते घोडा चोरीदेखि राष्ट्रिय सम्पति रित्याउने सम्मको आरोप लागेको छ । गाउँ त के एक चपरी पनि दिन नमान्ने कौरव शैलीका शासकबाट राज्य सत्ता थुत्न सफल माओवादीका लागि राज्य प्राप्ति भोको बाघलाई मासु पैंचो लगाएजस्तै भयो । झ्याल र जस्केलाबाट पसी दूध घोप्ट्याएर उपद्रो मच्चाउने कांग्रेस एमालेको विरालो शैलीलाई उछिनेर माओवादीले मूलढोकाबाटै पसेर ढुकुटीमा धावा बोल्यो । नेताहरु चरम विलासी बन्दै गए । सिसाको घरमा बसेर गिट्टा, भ्याकुर, क्रान्ति गफमा जनता भुलाउने उनीहरुको खेल दिन दुईगुना, रात चारगुनाका दरले बढ्दै गयो । राजामहाराजालाई सामन्ती भन्दाभन्दै कार्यकर्ताका नजरमा नेताहरु महासामन्ती बन्दै गए । नेताहरुको जीवनशैली, आहारविहार बद्लियो । सातु र ठेटना मकैबाट शुरु भएको इतिहास पपकर्न र काजुकिसमिसतर्फ रुपान्तरण भयो । राजनीतिमा जसले बढी जाली कुरा गर्नसक्छ, त्यो ठूलो नेता बन्ने नजिर स्थापनामा सवै दलका नेताहरुलाई प्रतिस्पर्धामा उतार्न प्रचण्ड सफल भए । नेताहरुले आफूले जे गऱ्यो, त्यसैलाई लोकसम्मत ठान्ने अहं नत्यागेसम्म फलाममा लागेको खियाले फलाम सिध्याएजस्तै हरेक दलका नेता आफ्नै कार्यकर्ताको कठघराबाट मुक्त नहुने निश्चित छ । आजसम्म सधैं, सबैलाई कसले पो झुक्याउन सकेको छ र ?

कुसेन्यूजबाट

# बिरामीलाई उपचारको पहुँचमा ल्याउन एम्बुलेन्स

**मिसन न्यूज**
**कालिकोट**



कालिकोटको दुर्गम क्षेत्रमा रहेका औषधी गर्न नसक्ने विरामिका लागि एम्बुलेन्स ल्याएको छ। मोरङ जिल्लाको बेलबारी नगरपालिका वडा नं. ४ निवासी नोबेल मेडिकल कलेज बिराडनगरका संचालक डा. शुनिल शर्माले कालिकोटवासीलाई उपहार स्वरुप एम्बुलेन्स दिएका छन्। मधेशको जिल्ला मोरङमा जन्मीएपनि कालिकोटबाट एसएलसी उतिर्ण गरेका डाक्टर शर्माले नेपाल तरुण दलका महासचिव भुपेन्द्रजंग शाहीको पहलमा आफुले एसएलसी हासिल गरेको जिल्लालाई उपहार स्वरुप एम्बुलेन्स दिएका हुन्।

डाक्डर शर्माले कालिकोटमा रगत दानसँग सम्बन्धित काम गर्न समाजसेवी युवाहरुद्धारा संचालित पृथ्वी रक्तदान तथा बिर फाउण्डेशनद्धारा सिंचालन गर्ने गरी आफ्नो भाग्य कारीदिने कालिकोटलाई एम्बुलेन्स उपहार दिएका छ्। जिल्ला सदरमुकाम मान्ममा एक औपचारकि कार्यक्रमको आयोजना गरी एम्बुलेन्सको चाबी हस्तान्त्रण गरेको छ। उनले आफ्नो भबिष्य निर्माण गर्ने कालिकोटका बिरामीलाई सहज रुपमा उपचारको पहुँचमा ल्याउन एम्बुलेन्स, प्राबिधिक शिक्षा बिडिएस २ जना, स्टाफ नर्स सहित पारामेडिक ५ जना गरी ७ जनालाई पुर्ण छात्रबृति, एक सय जना बिरामीको गम्भीर प्रकृतिका अप्रेशन फ्रि गर्ने घोषणा समेत गरेका छन्। उनले घोषणा गरेको बिडिएस पढ्न सरकारी शुल्क २ जनाका लागि ४० लाख, स्टाफ नर्स सहित पारामेडिक ५ जनालाई ५० लाख, जटिल प्रकृतिका एक सय अप्रेशनका लागि ५ करोड गरी झण्डै ६ करोड बराबरको सहयोग गर्ने घोषणा गरेका छन्। उनले आफु पढेको पंचदेवल माध्यामिक बिद्यालय मान्ममा विपन्न बिद्यार्थीलाई छात्रबृतिका लागि एक लाखको अक्ष्यकोष पनि स्थापना गरेका छन्। पृथ्वी रक्तदान तथा बिर फाण्डेशनका अध्यक्ष रमित मल्लको अध्यक्षतामा भएको एम्बुलेन्स हस्तान्त्रण कार्यक्रममा डा. शर्माले भने म पनि निकै बिपन्न परिवारमा जन्मीए। जतिबेला दुर्गमबाट एसएलसी गरेका बिद्यार्थीहरुले डाक्टर पढ्नका लागि छात्रबृति पाउने रहेछन्। उनको बाल्यकालको डाक्टर बन्ने सपना पुरा गर्न साथीको सहयोगमा कालिकोट आए। उनी पढाईमा निकै लगनशील थिए। पंचदेवल माध्यामिक बिद्यालयबाट २०५९ सालमा एसएलसी दिएका डा. शर्माले प्रथम श्रेणी ल्याएर कर्णाली अञ्चल प्रथम भए। जसका कारण उनले एमबिबिएस डाक्टर पढ्नका लागि चिनमा छात्रबृति पनि पाउन सफल भए। कालिकोटबाट एसएलसी उतिर्ण गरेको २६ बर्ष पछि जिल्ला फर्किएका डा. शर्माले कालिकोटलाई ठलो सहयोगको घोषणा गरे। उनले छारासँग मितेरी लगाएको डा. शुनील शर्माले जिल्लाका विकट बस्तीबाट जिल्ला अस्पतालसम्म बिरामी बोक्ने एम्बुलेन्स, ७ जना बिद्यार्थीलाई प्राबिधि शिक्षा पढ्न छात्रबृति लगायतका सहयोगले आफ्नो शिर ठुलो भएको बताए। उनले डा. शुनील शर्मालाई आश्रीबाद पनि दिए। कार्यक्रममा नेकपाका नेता चित्रसिंह गाँउलेले जिल्लामा एम्बुलेन्स सेवा नहुदा १६ बर्ष भन्दा माथिका अधिकांश युवाहरु एम्बुलेन्स बन्ने गरेको बताउदै डा. शुनील शर्माले प्रदान गरेको एम्बुलेन्सले ठुलो राहत दिने बताए। कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नन्दबहादुर शाही, खाँडाचक्र नगरपालिका प्रमूख जसीप्रसाद पाण्डे, नेपाली कांग्रेसका नेता दमनबहादुर शाही, प्रमूख जिल्ला अधिकारी कृष्णाचन्द्र पौडेल, पृथ्वी रक्तदान बिर पाउण्डेशनका उपाध्यक्ष धर्मराज शाही लगायतका वक्ताहरुले कालिकोटका चेला डा. शुनिल शर्मालाई सम्मान व्यक्त गरे। कार्यक्रममा पृथ्वी रक्तदान बिर फाउण्डेशनले एम्बुलेन्स दान गर्ने दाता डा. शुनील शर्मा, पहलकर्ता नेपाल तरुण दलका महासचिव भुपेन्द्रजंग शाही, जिल्ला अस्पतालमा कार्यरत सहयोगी डाक्टरहरु बिज्ञान प्रजापती, भिष्म पोखेल, सहयोगी खडगजंग शाही, रक्तदानमा सहयोग गर्ने नेपाली सेनाको गुल्म रणसुर गुल्मपती मेजर उत्तम कटुवाल, सबै भन्दा बढी रक्तदान गर्ने बिष्ण न्यौपालने लगायतका व्यक्तिहरुलाई सम्मान गरेको छ।

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# रानीरडा खानेपानी तथा सरसफाई योजनाको अनुगमन

मिसन न्यूज

कालिकोट

नरहरिनाथ गाउँपालिकाको वडा नं. ९ स्थित रानीरडा खानेपानी तथा सरसफाई योजनाको



अनुगमन गरिएको छ ।एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम (वार्म - पी) हेल्भेटासर स्वीसइन्टरकोअपरेशन नेपालको अर्थिक सहयोग र मानवअधिकार तथा वातावरण विकास केन्द्र ( हुरेन्डेक) नेपाल कालिकोटको प्राविधिक सहयोग र सामाजिक परिचालनमा रानीरडा खानेपानी तथा सरसफाइ योजनाका अध्यक्ष कबिराज बिष्टको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका स्थानीय जनप्रतिनिधि, हेल्भेटास स्वीसइन्टरकोअपरेशन नेपाल, हुरेन्डेक नेपाल र उपभोक्ता समितिका पदाधिकारीहरुले संयुक्त रुपमा अनुगमन समेत गरेका थिए ।नरहरीनाथ गाउपाली वडा ८ र ९ मा ३८२ घरधुरिमा खानेपानी निर्माण को योजना तिब्र रूपमा बढी रहेको देख्दा खुसी लाग्यो । अध्यक्ष बिष्टले रफ्तारमा काम अगाडि बढाइ समयमै काम सम्पन्न गर्न उपभोक्ता समिती लाई सुझाब सल्लाह दिनु भयो । अनुगमनमा उपाध्यक्ष बुढाले, इन्टेक निर्माण गरि मुख्य पाइप लाइन बिस्तार गर्नुपर्ने, सरसफाइको काम गर्नुपर्ने, बनेका संरचनाहरुमा अझै गुणस्तरीय कार्य गर्नका लागि केही सुधार गरिनुपर्ने, चाङ् जुट्टान फोहोर खाडल तथा बाटोघाटोलाई सरसफाइको कार्यलाई दुरुस्त अघि बढाई पुर्ण सरसफाइको तयारी गरिनुपर्ने जस्ता सुझावहरु सो रानीरडा खानेपानी तथा सरसफाई योजनालाई दिईएको छ उपाध्यक्ष मनशोभा बुढा,ले बताउनु भयो । गाउँपालिकाका वडा नं. ८ का वडा अध्यक्ष लोकबहादुर बिष्ट र स्थानीय जनप्रतिनिधिहरुदारा अनुगमन गरिएको हो । हेल्भेटास नेपालको आयोजना र हुरेन्डेक नेपालको सामाजिक सहजिकरणमा सो कार्यक्रम गाउँपालिकाको वडा नं. २ , ३ र ९ मा र

**बाँकी ८ पेजमा.....**

# व्यवसायको लागि सहुलियतमा ऋण दिने

मिसन न्यूज

सुर्खेत

कर्णाली प्रदेश सरकारले व्यवसायिक कृषि तथा पशुपंक्षी पालन व्यवसायको लागि ७ प्रतिशत व्याज अनुदानमा ऋृण दिने भएको छ। कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकबाट यहि २०७६ साल फाल्गुन ५ गते सोमबार भएका



निर्णयहरु सार्वजनिक गर्न आयोजना गरिएको पत्रकार सम्मेलनमा बोल्दै भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्री एबं प्रदेश सरकारका प्रवक्ता बिमला केसीले व्याज अनुदान कार्यक्रम कार्यविधी २०७६ स्वीकृत गर्ने जानकारी दिईन् । कृषि तथा पशुपंक्षी पालन व्यवसाय गर्ने चाहनेहरुले कर्णाली प्रदेश सरकारमा रहेका जुनसुकै बैंकबाट ७ प्रतिशत व्याज अनुदानमा ऋृण लिन पाउँने निर्णय भएको उनले बताईन् ।

मन्त्रिपरिषद् बैठकले अन्य विभिन्न निर्णय समेत गरेको छ। प्रदेश सरकारले अत्यावश्यक सेवा र शहरी सौन्दर्यका संरचना निर्माणका लागि पानी ट्याङ्कर, डिपबोरिङ् र ट्राफिक लाईट व्यवस्थापनको लागि वीरेन्द्रनगर नगरपालिकालाई दमकल सहयोग उपलब्ध गराउने, प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण गरिने योजना तथा कार्यक्रमहरुको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरेको छ, उनले बताईन । कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक २०७६ र कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ को मस्यौदा स्वीकृति गर्ने, कर्णाली प्रदेश भूमि समस्या तथा व्यवस्थापन सुझाव समिति (गठन) आदेश २०७५ को (प्रथम संशोधन) गर्ने, बालबालिकाको अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धी व्यवस्था गर्ने बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने, थोरै समयमा धेरै शब्द याद गर्ने मेमोरी पावर देखाएर विश्व रेकर्ड कायम गर्ने महावै गाउँपालिका वडा नं ५ कालिकोट निवासी

**बाँकी ८ पेजमा.....**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल (वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## पानी वितरणमा आधुनिक प्रबिधिद्वारा काम शुरू

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेशको राजधानी सुर्खेत उपत्यकामा खानेपानी पुर्ण आपूर्ति गर्नका लागि पानी वितरणमा आधुनिक प्रबिधि (स्काडा) प्रणालीद्वारा काम थालनी गरेको सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाले जनाएको छ। राजधानीमा भएका पानी वितरण प्रणालीको समस्यालाई अन्त्य गर्नका लागि भएकाले (ड्रोन क्यामरा) द्वारा स्काडा प्रर्णालीको अभ्यास भईरहेको उनले बताए । तत्काल खानेपानीमा भएको समस्यालाई कम गर्न भेरीको पानीलाई लिफ्टिङ्गको प्रक्रियालाई अगाडी बढाईने वीरेन्द्रनगर नगरपालिका मेयर देवकुमार सुवेदीले बताएका छन् । प्रदेश सरकारले गरेको लगानी सँगै खानेपानी संस्था र नगरपालिका खानेपानी समस्याको अन्त्य गर्न लागि परेको उनले



वितरणमा आधुनिक प्रबिधिको बिकास गरिएको हो । सोमबार पत्रकार सँगको अन्तरक्रियामा बोल्दै संस्थाका अध्यक्ष कुलमणि देवकोटाले पुराना प्रबिधीमा जडान गरिएको धाराहरुलाई नयाँ आधुनिक प्रबिधिमा जडान गरे पानी चुहावटको समस्यामा कमिहुने बताएका छन् । खानेपानी वितरण कार्य संस्थाका लागि निकै चुनौतीपुर्ण बताए । कर्णाली प्रदेशको राजधानी भईसकेपछि जनसंख्या वृद्धिका कारण खाने पानीको निकै समस्या हुने गरेको सुर्खेत उपत्यकामा खानेपानी संस्थाले जनाएको छ। भौतिक संरचना निर्माण देखि अन्य बिकास निर्माणका काम र बजारीकरणको प्रभावले खानेपानी आपुर्तिमा चुनौति थपिएको छ।


### हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट



### सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट



### सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट



### क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

रास्कोट नगरपालिकाको कार्यालय
कालिकोट



### मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


### महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# ट्रस्टको श्वेतपत्र आज जारी हुँदै

मिसन न्यूज

काठमाडौं

सरकारले नेपाल ट्रस्टको जग्गा जमिन र चल-अचल सम्पत्तिको बारेमा आज श्वेतपत्र जारी गर्ने भएको छ । यति होल्डिङ्सलाई सस्तोमा ट्रस्टको जग्गा लिजमा दिएको आरोप लागेपछि सरकारले देशभरको जग्गा जमिनबारे यथार्थ जानकारी दिन लागेको हो। नेपाल ट्रस्टका अध्यक्ष तथा उपप्रधानमन्त्री ईश्वर पोखरेलले अपराह्न पत्रकार सम्मेलन गरी नेपाल ट्रस्टको सम्पत्ति कुन सरकारको पालामा क-कसलाई दिइएको हो केही विवरण अनलाइनखबरलाई प्राप्त भएको छ । दरबारमार्ग, लाजिम्पाट, कमलादी, कालीमाटी, ताहाचल, छाउनीजस्ता महँगा ठाउँका जग्गा व्यापारिक प्रयोजनमा लिज र भाडामा दिइएका छन् । नेपाल ट्रस्टको घरजग्गा प्रयोग गर्नेमा थामसेर्कु ट्रेकिङ, टाउन डेभलपर्स, कन्स्पेट डेभलपर्स, स्टाण्डर्ड चार्डर्ड बैंकलगायतका निजी कम्पनीहरु छन् । काठमाडौंका काँठक्षेत्रमा रहेका घरजग्गा भने मोहीले बसोबास र खेती प्रयोजनका लागि प्रयोग गरिरहेको पाइएको छ भने ताहाचलमा विभिन्न सरकारी कार्यालयहरूले




भन्ने सत्य तथ्य जानकारी दिन लागेका हुन् । यसअघि नेकपा केन्द्रीय कमिटी बैठकले यसबारे श्वेतपत्र जारी गर्न निर्देशन दिएको थियो । तत्कालिन राजा वीरेन्द्रको परिवारका नाममा रहेको २१ हजार ५६२ रोपनी जग्गा नेपाल ट्रस्टको स्वामित्वमा आएको छ ।

सोमध्ये सबैभन्दा बढी ४ हजार ४ सय ४२ रोपनी जग्गा काठमाडौं जिल्लामा मात्रै भेटिएको छ । ट्रस्टले स्वेतपत्रका लागि संकलन गरेको न्यूनतम भाडा तिरेर बसेका छन् । यी अधिकांश सम्पत्ति ०५० र केही ०५३ मा लिजमा दिइएका हुन् ।

०६४ मा नेपाल ट्रस्ट बनेपछि ती सम्पत्ति राजा वीरेन्द्र र उनका परिवारका नामबाट ट्रस्टमा ल्याइएको थियो । त्यसपछि धेरैजसो काठमाडौंका महँगा ठाउँका जग्गाको पुनः लिज सम्झौता ०६६ पुस र माघमा मन्त्रिपरिषदबाट गराइएको नेपाल ट्रष्टका एक अधिकारीले बताए ।

# गान्धीको दृष्टिकोणमा अमेरिका उभिन्छ : ट्रम्प

एजेन्सी

गुजरात

नयाँदिल्ली । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले महात्मा गान्धीको दृष्टीकोणमा अमेरिका सशक्त रुपमा उभिने प्रतिबद्धता जनाएका छन् । भारत भ्रमणमा रहेका ट्रम्पले मङ्गलबार गान्धीको समाधीस्थल राजघाटमा पुगेर गान्धीप्रति एक मिनेट मौन धारणा गरेका थिए । सो अवसरमा उनीहरुलाई केन्द्रीय मन्त्री हरदीपसिंह पुरीले महात्मा गान्धीको अर्धकदको प्रतिमा उपहार स्वरुप प्रदान गरेका थिए । राजघाटमा राष्ट्रपति ट्रम्प दम्पत्तिले बृक्षरोपण पनि गरेका थिए । दुई दिने भ्रमणका लागि सोमबार भारत आएका ट्रम्पको टोली भ्रमणको पहिलो दिन गुजरातमा बनाइएको



श्रद्धान्जली व्यक्त गर्दै गान्धीको दृष्टीकोणप्रति अठोट व्यक्त गरेका हुन् । समाधीस्थलमा राखिएको आगन्तुक पुस्तिकामा उनले लेखेका छन्, 'स्वायत्त र स्वतन्त्र भारतका लागि महात्मा गान्धीले खेल्नु भएको भूमिका र महात्मा गान्धीका अन्य दृष्टीकोणप्रति अमेरिकी जनता सशक्त रुपमा उभिन्छन्, यही नै तपाईप्रति श्रद्धा सुमन छ ।' महात्मा गान्धीलाई श्रद्धान्जली दिन अमेरिकी प्रथम महिला तथा ट्रम्पपत्नी मेलानीया ट्रम्प पनि राजघाट गएका थिए । त्यहाँ रहँदा उनीहरुले संसारकै सबैभन्दा ठूलो मानिने मोटेरा क्रिकेट रंगशाला र प्रेमको प्रतीक मानिने ताज महल गएका थिए । रंगशालामा नमस्ते ट्रम्प नाम दिइएको भव्य कार्यक्रमको आयोजना गरिएको थियो र त्यहाँ दुवै नेताले सम्बोधन गरेका थिए । आफ्नो कार्यकालको अन्तिम वर्ष भारत भ्रमणमा आएका ट्रम्प मङ्गलबार राती स्वदेश फर्किने कार्यक्रम रहेको छ । ट्रम्पको भारत भ्रमणले भारत र अमेरिकाबीचको सम्बन्धमा सकारात्मक प्रभाव पर्ने विज्ञहरुले विश्वास व्यक्त गरेका छन् ।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । अध्ययनमा बाधा पुग्नेछ भने वादविवादले समस्या निम्त्याउन सक्छ । तापनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ। आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्, सजग रहनुहोला । मंगलवारदेखि स्थितिमा सुधार आउनेछ । |
| वृष : | प्रियभेटले साताको प्रारम्भ रमाइलो रहनेछ। रमाइलो यात्रा र मनोरञ्जनको आनन्द प्राप्त हुनेछ । अतिथिका रूपमा सत्कार पाइनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । मंगलवारदेखि भने केही समस्यासँग जुध्नुपर्ला । काम बिग्रने डरले सताउन सक्छ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । |
| मिथुन : | पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ । प्रतिस्पर्धीहरूलाई उछिन्दै विभिन्न अवसर हात पार्न सकिनेछ । स्रोतसाधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ । रोकिएका काम बन्नाले आर्थिक पक्ष पनि सबल बन्नेछ । दिगो व्यवसायमा हातहाल्ने समय छ । |
| कर्कट : | प्रारम्भमा केही व्यवधान देखिए पनि बुद्धिले समस्या सुल्झाउन सकिनेछ । अध्ययनमा त्यति समय दिन नसकिए पनि रोकिएका काम बन्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ । बीचमा गोपनीयता बाहिरिनाले केही समस्यामा परिएला । |
| सिंह : | हतारमा निर्णय लिँदा काम दोहोर्याउनुपर्ला । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ । बेसुरमा बोल्ने बानीले दुस्ख पाइनेछ । शुभचिन्तकहरूको सुझावलाई मनन गर्नुहोला । स्वास्थ्य कमजोर हुनाले अध्ययनमा त्यति समय दिन नसकिएला । |
| कन्या : | प्रारम्भमा केही चुनौती देखिए पनि मिहिनेतले हिम्मत दिलाउनेछ । पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ । दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ । मंगलवारदेखि पारिवारिक समस्याले सताउन सक्छ । साइनो गाँस्नेहरूबाट सजग रहनुपर्ला । |
| तुला : | साताको प्रारम्भ रमाइलो रहनेछ । बुद्धिले लक्ष्यमा पुर्याउनेछ । अध्ययनमा प्रगति हुनेछ । तर, हतारको निर्णयले समस्या निम्त्याउन सक्छ। आत्मसम्मानका लागि मौन रहनु बेस होला । मंगलवारदेखि समय केही संघर्षमय रहनेछ । बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ । |
| वृश्चिक : | प्रारम्भ रमाइलो रहनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । खानपान र पहिरनको सोखले खर्च भने बढाउन सक्छ । मंगलवारदेखि चिताएको काम रोकिनाले आर्थिक पक्ष कमजोर बन्नेछ । |
| धनु : | प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । टाढाको यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिस्थितिले केही थकित तुल्याए पनि मंगलवारदेखि स्थितिमा सुधार आउनेछ । नयाँ काम गर्ने अवसर जुट्न सक्छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । |
| मकर : | सुरुमा आम्दानी बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । व्यापार बढ्नेछ र राम्रै आम्दानी हातलागी हुनेछ । तापनि आकस्मिक खर्च बढ्नाले अर्थ अभाव भने खट्किनेछ । सहयोगीहरूको भर पर्दा काम दोहोर्याउनुपर्ला । विदेश ताक्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्न सक्छ । |
| कुम्भ : | प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ । नोकरीमा पद प्राप्ति हुनेछ भने व्यवसायमा लाग्नेहरूको प्रगति हुनेछ । पदासीन व्यक्तिसँग निकटता बढ्नेछ । दिगो काम प्रारम्भ हुनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । आम्दानीका स्रोतहरू बढ्नेछन् भने मनग्य धन संग्रह हुनेछ । |
| मीन : | सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् । विशिष्ट व्यक्तिसँग भेटघाट गर्ने अवसर जुट्नेछ । लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ । आध्यात्मिक ज्ञानको प्रेरणाले मानसिक सुख प्राप्त हुनेछ । इतिहास एवं धर्म-संस्कृतिको जगेर्नामा रुचि जाग्नेछ । |

## गाडि पुगेपछि...........................

सडकमध्ये हुम्ला जिल्लामा सडक निर्माणको ६० प्रतिशत काम भइसकेको नयाँ भैरवी दल गुल्म सिमकोटले जानकारी दिएको छ । बाजुरा र हुम्ला जोड्ने कवाडी पुलबाट झण्डै पाँच किमी सडक सञ्चालनमा आएको छ । सडक सञ्चालनमा आउँदा आफ्नो गाउँपालिकाका बासिन्दाको जनजीवन सहज हुन थालेको अदानचुली गाउँपालिकाका अध्यक्ष दल फडेराले बताए । गाउँपालिकाले आगामी दिनमा सहायक सडकहरू खोल्ने लक्ष्य लिएको उनले बताए । ‘हाम्रो गाउँपालिकामा सडक आउनु विकासको सुरुवात हो,’ उनले भने, ‘आगामी दिनमा यसलाई अघि बढाइनेछ ।’ सडक विभागका महानिर्देशक केशवकुमार शर्माले सडक विभागले निर्माण गरिरहेको ५१ किमी सडक तीव्र रुपले अघि बढिरहेको जानकारी दिए । कर्णाली करिडोर आयोजना निर्देशनालयले विभागलाई निर्माणका लागि आवश्यक उपकरण समस्या भएको बताउँदै आएको छ । निर्देशनालयले आगामी असारसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ । केही समय अघि प्रतिनिधिसभाको विकास तथा प्रविधि समिति करिडोरको अनुगमनका लागि पुगेको थियो । सडक विभाग र नेपाली सेना दुवैले काम गरिरहेको पाइएको समितिका सदस्य गणेशकुमार पहाडीले बताए । आगामी असोजसम्म जिल्ला सदरमुकाम जोड्ने लक्ष्य लिएर सडक निर्माणको काम अघि बढेको छ । सेनाले कालीकोटदेखि हुम्लासम्मको सडकमा काम अघि बढाइरहेको छ भने सडक विभागले सिमिकोटबाट सल्लीसम्मको सडक निर्माण गरिरहेको छ । उनले भने, ‘विभागलाई पनि चट्टान फोरेर सडक निर्माण गर्न सेनाकै सहयोग चाहिन्छ ।’ सडक विभागले निर्माण अघि बढाइरहेको भएपनि ठूलाठूला चट्टान फुटाउन विस्फोटक पदार्थ चाहिने हुँदा निर्माणमा ढिलाइ हुनसक्ने उनको तर्क छ । विभागले निर्माण गरिरहेका स्थानमा पनि जिम्मेवारी नेपाली सेनालाई नै दिँदा चाँडो हुने स्थानीयवासीले समितिलाई आग्रह गरेका थिए ।

## पञ्चेबाजा..............................

बिहेमा घरबाट भाग्नु पर्दैन्थ्यो । सबै दाजुभाई, दिदीबहिनी रमाइलो गर्थे । मागीमा बिहेमा घरमा पञ्चेबाजाको झ्याँईझ्याँई आवाजसहित भोजभतेर हुन्थ्यो । दुलाहालाई घोडामा र दुलहीलाई डोलीमा बोकेर पञ्चेबाजाका अगाडी लगाएर जन्तीको लावालस्कर दुलही लिन जानु मज्जा बेग्लै हुने गरेको दैलेख नौमुले गाउँपालिकाका तेजबहादुर चन्दले बताए । पञ्चेबाजा अर्न्तगत दमाहा, ट्याम्को, झ्याली नरसिंगा र सनई पर्दछन् । दमाईले शुभकार्यमा पञ्चेबाजा बजाउने हुँदा अचेल बिहेमा विरलै बाजा देख्न पाइन्छ । उसो त पञ्चेबाजा बजाउन कमी आएकाले दमाई समुदायका युवाले फरक रोजगारीको विकल्प रोज्न थालेका छन् । युवाले रोजगारीतिर लागेपछि जिल्ला वा गाउँका विभिन्न सभा, समारोहमा बालक र बुढापाकाले मात्र बाजागाजा बजाएको देख्न पाइन्छ । आजभोलि गाउँमा हुने एकाध सार्वजनिक समारोहमा अतिथीलाई पञ्चेबाजा बजाएर स्वागत र सत्कार गर्ने गरिन्छ । बिहेको शैली फेरिएपनि पञ्चेबाजा पुरानो सस्कृति भएकाले यसलाई बचाई राख्न सबै क्षेत्रबाट सबैले सहयोग गर्नुपर्ने बुढापाकाको भनाई छ ।


**हाम्रो अनुरोध**

**सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौँ। गरिबी न्यूनिकरण गरौँ ।**

खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय
कर्णाली प्रदेश, कालिकोट नेपाल



**‘भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य’**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com


## ५ सैया अस्पताल भवनको.................

नं. ७ का ब्रजबहादुर बमले पलाँतामै १५ शैयाको अस्पताल निर्माण भएपछि आफुहरुलाई ठुलो राहत हुने बताए । उनले भने, गाउँमा पहिले सिटामोलको अभाव हुन्थ्यो ।

स्थानिय सरकार संचालन भएपछि सिटामोलको अभाव भएन ।पलाँता गाउँपालिका वडा नं. ९ का वडा अध्यक्ष टक्कबहादुर बमले पलाँता गाउँपालिकाले सहित सप्ताहाको सुरुवातीको दिन अस्पताल सिलान्यास गरेको बताए । पलाँता गाउँपालिका निमित्त प्रमूख प्रशासकिय अधिकृत राजबहादुर बमले ६ करोड लगानीमा निर्माण हुने १५ शैयाको अस्पताल अहिले सेवा सुरुवात गर्नका लागि गाँउपालिकाको ८० लाख र प्रदेश सरकारको ४० लाख गरी एक करोड २० लाखमा १२ कोठे भवन निर्माण गरी सेवा सुरुवात गर्न लागिएको बताए । अव पलाँता गाउँपालिकामा अस्पतालबाट बन्चित नहुने गाउँपालिकाले जनाएको छ ।

## रानीरडा खानेपानी तथा सरसफाई.........

जिल्लाको शुभकालिका गाउँपालिकाका खानेपानी तथा सरसफाई योजनाकाा उपभोक्ता समितिका पदाधिकारीहरु समेत सो तालिममा सहभागी भएका छन् । खानेपानी तथा सरसफाई योजनाको दिगोपना ग्रामिण मर्मत संभार कार्यकर्ताको सपना भन्ने मुल नाराका साथ खानेपानी सम्बन्धि ग्रामिण मर्मत संभार कार्यकर्ता तालिमको ब्यवस्था गरेको छ

## व्यवसायको लागि.........................

विजय शाहीलाई पुरस्कार रकम रु दुई लाख उपलब्ध गराउने निर्णय गरेको छ । यसैगरी कर्णाली प्रदेश प्रसारण नियमावली २०७६ लाई स्वीकृत गर्ने भएको छ । व्यवसायका लागि कृषकको अवस्था हेरेर अनुदानमा ऋृण दिईने प्रवक्ता केसीले बताईन् ।


**बस्तुको खरिद विल सुरक्षित राखौँ। विक्रि गर्दा विलविजक अनिवार्यरुपमा जारी गरौँ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



**बेस्ट कर्णाली मिडियाद्वारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित ‘ख’ वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधैं यहाँको साथमा छौँ ।

हाम्रा विशेषता
– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत